# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मंगलसेन नगरपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## मंगलसेन नगरपालिका
अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मंगलसेन नगरपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम

पत्र संख्या: २०७९।८०
च.नं. ४९४,

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू ,
मंगलसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले मंगलसेन नगरपालिकाको, आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ३१ लाख ४२ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१२ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३३ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु ३८ लाख ६९ हजार र पेश्की रू. ४६ लाख ९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ९ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ९ करोड २१ लाख ५ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# मंगलसेन नगरपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २४ | १२ | २३१४२ | ० | ० | ० | २४ | १२ | २३१४२ | १२८३ | ३८६९ | १३३८१ | ० | ० | १७२५० | ४६०९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मंगलसेन नगरपालिका अछाम | ९०९१९ | ० | २१९५६ | ६८९६३ | ० | २३१४२ | ९२१०५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मंगलसेन नगरपालिका, अछाम , मंगलसेन नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खकेन्द्र बहादुर सोडारी | २०७७-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु प्रसाद उपाध्याय | २०७६-१०-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २३,१४१,५९६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,६२,३२,४१६.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७,६६,१७,२९२ | **चालु खर्च** | ४०,८३,५६,६३३.३८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६५,५५,००० | **पूँजीगत खर्च** | ११,७४,०२,६२०.१४ |
| **राजश्व बाँडफाँट** | १०,४३,४६,६२७.८ | **वित्तीय/अन्य व्यवस्था** | १८,८२,२०,४६२.४३ |
| **आन्तरिक आय** | १,०५,०८,८५७ | | |
| **अन्य आय** | ९३,४६,४३९.६ | | |

| **कुल आय** | ७२,७३,७४,२१६.४ | **कुल खर्च** | ७१,३९,७९,७१५.९५ |
|---|---|---|---|
| **बाँकी मौज्दात** | | ६,९६,२६,९१६.६३ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, २२० वर्ग किलोमिटर क्षेत्रफल तथा ३७ हजार ४९६ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय संचित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः वित्तीय प्रतिवेदन<br><br>**आ.व. : २०७८/७९ अवधि : २०७८/०४/०१ - २०७९/०३/३२** | |

| प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | टिप्प | **यस वर्ष रु.** | **गतवर्ष रु.** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | णी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५८,९३,३३,४८३.५८ | ५५,७६,८५,७८३.३७ | | ५५,७६,८५,७८३.३७ | ६०,७८,७४,९८४.२९ | | ६०,७८,७४,९८४.२९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५७,८१,४५,४६० | ५४,५१,६५,२७९.०५ | ० | ५४,५१,६५,२७९.०५ | ५५,६४,५५,२१३.८५ | ० | ५५,६४,५५,२१३.८५ |
| ११००० कर | ११ | १०,६६,०५,००० | १०,६४,०८,५९५.०३ | ० | १०,६४,०८,५९५.०३ | ९,२६,७०,३३३.०१ | ० | ९,२६,७०,३३३.०१ |
| १३००० अनुदान | | ४६,३३,१०,४६० | ४३,०३,०९,७९३.३९ | ० | ४३,०३,०९,७९३.३९ | ४५,८९,५८,१४५.९३ | ० | ४५,८९,५८,१४५.९३ |
| संघीय सरकार | १२ | ४३,६७,५५,४६० | ४१,०४,९१,७७७.१७ | ० | ४१,०४,९१,७७७.१७ | ४३,०१,०४,१४५.९३ | ० | ४३,०१,०४,१४५.९३ |
| प्रदेश सरकार | १२ | २,६५,५५,००० | १,९८,१८,०१६.२२ | ० | १,९८,१८,०१६.२२ | २,८८,५४,००० | ० | २,८८,५४,००० |
| १४००० अन्य राजस्व | | ८२,३०,००० | ८४,४६,८९०.६३ | ० | ८४,४६,८९०.६३ | ४८,२६,७३४.९१ | ० | ४८,२६,७३४.९१ |
| ख. अन्य प्राप्ति | | १,११,८८,०२३.५८ | १,२५,२०,५०४.३२ | | १,२५,२०,५०४.३२ | ५,१४,१९,७७०.४४ | | ५,१४,१९,७७०.४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | १,११,८८,०२३.५८ | १,०५,५९,५९३.५८ | ० | १,०५,५९,५९३.५८ | ४,७४,७५,६४७.९० | ० | ४,७४,७५,६४७.९० | |
| | | | धरौटी | | ० | १९,६०,९१०.७४ | ० | १९,६०,९१०.७४ | ३९,४४,१२२.५४ | ० | ३९,४४,१२२.५४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ६३,०२,२७,६२५.०३ | ५४,११,५०,३९८.०७ | | ५४,११,५०,३९८.०७ | ५८,३३,३२,८१८.४९ | | ५८,३३,३२,८१८.४९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६१,९०,३९,६०१.४५ | ५२,५७,५९,२५३.५२ | | ५२,५७,५९,२५३.५२ | ५६,५३,५४,७५२.३१ | | ५६,५३,५४,७५२.३१ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २३,२०,४६,००० | २०,४९,९३,५१९.७१ | ० | २०,४९,९३,५१९.७१ | ७,०९,८९,९८०.६६ | ० | ७,०९,८९,९८०.६६ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,५७,०२,४१० | १२,४१,५५,८२४.५१ | ० | १२,४१,५५,८२४.५१ | १०,६६,९३,७३५.३२ | ० | १०,६६,९३,७३५.३२ | |
| | | | २५००० सहायता | १८ | ६,८१,५९,८१० | ६,०२,४४,७८९.६६ | ० | ६,०२,४४,७८९.६६ | १७,७५,७८,२१६.१५ | ० | १७,७५,७८,२१६.१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (क्गदकष्मथ० | | | | | | | | |
| २६००० अनुदान | १८ | ५,००,००० | ३,९४,८४६.३१ | ० | ३,९४,८४६.३१ | ६,८०,००० | ० | ६,८०,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,१०,९८,००० | १,६६,६०,५९८.१९ | ० | १,६६,६०,५९८.१९ | १,२५,७९,१७५.०८ | ० | १,२५,७९,१७५.०८ |
| २८००० अन्य खर्च | १८ | २६,००,००० | १९,०७,०५५ | ० | १९,०७,०५५ | १,३४,२१,१२२.११ | ० | १,३४,२१,१२२.११ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४,८९,३३,३८१.४५ | ११,७४,०२,६२०.१४ | ० | ११,७४,०२,६२०.१४ | १८,३४,१२,५२२.९९ | ० | १८,३४,१२,५२२.९९ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,११,८८,०२३.५८ | १,५३,९१,१४४.५५ | | १,५३,९१,१४४.५५ | ५८,३३,३२,८१८.४९ | | ५८,३३,३२,८१८.४९ |
| कोषहरु | | १,११,८८,०२३.५८ | १,०५,३८,०५३ | ० | १,०५,३८,०५३ | १,३७,२९,१२०.०२ | ० | १,३७,२९,१२०.०२ |
| धरौटी | | ० | ४९,३५,२०५.८२ | ० | ४९,३५,२०५.८२ | ४२,४८,९४६.१६ | ० | ४२,४८,९४६.१६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला | | | ९८२,११४.२७) | | ९८२,११४.२७) | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गर्न बाकी | | | | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ९४,०८,९४,१४१.४५) | १,६५,३५,३८५.३० | | १,६५,३५,३८५.३० | २,४५,४२,१६५.८० | | २,४५,४२,१६५.८० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,७१,९३,६५४.४० | | ४,७१,९३,६५४.४० | ४,९६,४३,२१२.८८ | | ४,९६,४३,२१२.८८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९४,०८,९४,१४१.४५) | ६,३७,२९,०३९.७० | | ६,३७,२९,०३९.७० | ७,४१,८५,३७८.६८ | | ७,४१,८५,३७८.६८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ६,४६,३९,५५२.४३ | | ६,४६,३९,५५२.४३ | ८,१५,७७,८७३.५८ | | ८,१५,७७,८७३.५८ |

| | | |
|---|---|---|
| लेखाप्रमूख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय |
| पालिकाबाट प्रमाणिकरण मितिः | | |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

| सि.नं. | विवरण | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | १३८३६८८३२. | १३८३६८८३२. | १३८३६८८३२. |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>गरीवसँग विश्वेश्वर कार्यक्रम</td><td>६७३०००.</td><td>६७३०००.</td><td>६७३०००.</td></tr>
<tr><td>४</td><td>स्वच्छ वातावरण कार्यक्रम</td><td>१९२००००.</td><td>१९२००००.</td><td>१९२००००.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४०९६१८३२.</td><td>१४०९६१८३२.</td><td>१४०९६१८३२.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br><br>आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको<br><br>नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय माननीय मन्त्रीस्तरबाट २०७८ चैत्र महिनामा भएका निर्णयानुसार स्वीकृत भएको वउशीनं ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका दुइकोठे चार कोठे भवन निर्माण तथा पढ्दै</td><td>८,१०३,९५६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रमका लागि तपशील बमोजिमका विद्यालयहरुलाई रकम निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म विद्यालय निर्माण शैक्षिक सुधार कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएको रु<br><br>
<table>
<tr><td>भौ नं मिति</td><td>विद्यालयको नाम</td><td>विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२३।२०७९।३।२४</td><td>बालविकास प्रावि</td><td>शैक्षिक सुधार कार्यक्रम</td><td>९०३९५६.४८</td></tr>
<tr><td>२५।२०७९।३।२४</td><td>कालिका निमावि विर्कु</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>२७।२०७९।३।२४</td><td>पार्वती मावि बान्नातोली</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>२७।२०७९।३।२४</td><td>मंगला प्राविध बलिगाउँ</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८१०३९५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सरिता उपाध्यायले मिति २०७८।३।७ गते रु.५३ करोड ७८ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **चौमासिक प्रगति**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३७ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजीगत खर्चतर्फ | ११७४०२६२० | ९२५१६०९ | ३२६४०६८० | ७५५१०३३१ | ४२८७८२९५ |
| जम्मा | ११७४०२६२० | ९२५१६०९ | ३२६४०६८० | ७५५१०३३१ | ४२८७८२९५ |
| प्रतिशत | | ७.८८ | २७.८ | ६४.३२ | ३६.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.११७४०२६२०। निकासा भएकोमा प्रथम चौमासिकमा रु. ९२५१६०९। अर्थात ७.८८ प्रतिशत, दोश्रो चौमासिकमा रु. ३२६४०६८०। अर्थात २७.८ प्रतिशत र तेश्रो चौमासिकमा रु. ७५५१०३३१।, अर्थात ६४.३२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४२८७८२९५।अर्थात ३६.५२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **खर्च विश्लेषण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६६७४१२७३। राजस्व बाँडफाँड र अनुदानबाट रु ६५१२८६५०४। अन्य आयबाट रु ९३४६४३९। समेत रु ७२७३७४२१६। आम्दानी भएकोमा चालु तर्फ रु ४०८३५६६३३। र पुँजीगततर्फ रु ११७४०२६२०। र बित्तीय ब्यबस्थातर्फ रु १८८२२०४६२। समेत रु ६५७७४७३००। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.१४% प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १८५१९५००। खर्च भएको छ जुन आन्तरिक आयको २८% प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम रु ७०७५१८९१९। बाट चालु खर्चमा ५८% प्रतिशत र पुँजीगत निर्माणमा १७% खर्च भएको देखिन्छ । | |
| ९ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८९ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः<br><br><table><tr><td>क्र.सं</td><td>विद्यालयको नाम</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपूर्ति मध्ये करार/राहत</td><td>विद्यार्थी संख्या</td></tr><tr><td>१</td><td>४९ वटा विद्यालय</td><td>२८८</td><td>२८४</td><td>१८२</td><td>८३२५</td></tr></table><br>यस सम्बन्धमा निम्नानुसार देखिएको छः • यस पालिका अन्तर्गत ४९ विद्यालयमा २८८ दरबन्दी रहेकोमा २८४ पदमा स्थायी पदपूर्ति भएको र १८२ पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । ती विद्यालयहरूमा EMIS अभिलेख अनुसार कुल विद्यार्थी सख्या ८३२५ रहेको छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । पालिकाको असारमसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.९३६५४३१। ले फरक देखिएको छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ११ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन् ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाइयो ।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।<br><br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ९८ जनाको दरबन्दी रहेकोमा ६० दरबन्दी रिक्त रहेको पाइयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ६ वटा नियमावली, १७ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३ | | | **न्याय सम्पादन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी यो बर्षको कूल १३ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ५ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभए तापनि त्यस्ता सुविधा वार्षिक बजेट रु ७०००००। विनियोजन गरेकोमा रु ६९०५००। खर्च गरेको पाइयो । | |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चको तुलनामा प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४७०७४६० | २८८२६३५९.२२ | ५.४९ |
| २ | पूर्वाधार विकास | ९३८१५९२१.४५ | ६६८९३०००.७९ | १२.७२ |
| ३ | सामाजिक विकास | ३५१०९३८१० | ३१९७०१४५९.१० | ६०.८१ |
| ४ | बातावरण तथा विकास | ५००००० | ३१८१४३ | ०.०६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२५२२७८५ | ९९७२०९८.०४ | १.९० |

<table>
